कोरोना भाईरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रण सम्बन्धी

कास्की जिल्लागत कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) द्वारा प्रकाशित

# बुलेटिन

## विषय प्रवेश :

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विश्व एकजुट भएर प्रतिरक्षाका लागि संघर्ष गरिरहेको वर्तमान परिप्रेक्ष्यमा नवीन प्रकृति र प्रवृतिको यस रोगको रोकथाम, न्यूनिकरण तथा नियन्त्रणका लागि २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले जारी गरेको देशव्यापी लकडाउनको आदेश बमोजिम कास्की जिल्लामा उच्च सतर्कतासाथ विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको छ।

नेपाल सरकारको निर्णय र प्राप्त निर्देशन बमोजिम यस जिल्लामा लकडाउनको सूचना जारी गरिएको तथा जिल्लावासीहरु आफू सुरक्षित रहदै सरकारी निर्णय र अनुरोधको पूर्ण पालना गरी सहयोग गर्नुभएकोमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छौं । साथै कोरोना भाईरस रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरु र सो अन्तर्गतका निकाय तथा कार्यालयहरु, सार्वजनिक तथा निजी क्षेत्र सम्बद्ध अस्पतालहरु, नागरिक समाज , राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, उद्योगी, व्यवसायी, स्वास्थ्यकर्मी, स्वयंसेवी निकाय, सञ्चार जगत समेतबाट भएको प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछौं।

कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण का लागि कास्की जिल्लामा संचालित महत्वपूर्ण कार्यक्रम तथा गतिविधिहरुलाई एकिकृत गरी सबैको जानकारीका लागि सहजरुपमा सूचना प्रदान गर्ने उद्देश्यले बुलेटिन प्रकाशन आरम्भ भएको जानकारी गराउदै रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं।

## कास्की जिल्लागत CCMC को गठन, संरचना र कार्य संचालन :

कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण एवं संक्रमितहरुको औषधी उपचार लगायतका कार्यहरु छिटो, छरितो रुपले व्यवस्थापन गरी यस सम्बन्धी कार्यलाई प्रभावकारी, मितव्ययी र नतिजामूलक बनाउने उद्देश्यले गृह मन्त्रालयमार्फत प्राप्त केन्द्रगत CCMC का निर्देशन, संरचना र कार्यक्षेत्र भित्र रही कार्य गर्न मिति २०७६।१२।२१ गते कास्की जिल्लागत Covid-19 Crisis Management Center (CCMC-Ops) गठन भई सञ्चालनमा आएको छ। सो केन्द्रबाट प्राप्त कार्यदिशा र निर्देशनहरु यथाशिघ्र कार्यान्वयन गर्दै दैनिक रुपमा कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण एवं संक्रमितहरुको औषधी उपचार लगायतका कार्यसम्बद्ध रणनीति निर्माण गर्न एवं कार्यसञ्चालनको समिक्षा गर्न बैठक बसी केन्द्रमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाइएको छ। सो व्यवस्था अनुरुप हालसम्म २७ वटा बैठकहरु सम्पन्न भइसकेका छन्।

## कास्की जिल्लागत CCMC संरचनाका पदाधिकारीहरु :

| | नाम पद | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| **संयोजक** | श्री ज्ञान प्रसाद ढकाल, प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६००७७७७ |
| **सदस्य** | श्री मदन जंग कार्की, प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण | ९८४५०४४५०३ |
| **सदस्य** | श्री दान बहादुर कार्की, प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | ९८५६००५५५५ |
| **सदस्य** | श्री प्रेम ध्वज शाह, सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | ९८५१२७२०४७ |
| **सदस्य** | श्री भूमी पाठक, उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | ९८५६०६५१०१ |
| **सदस्य** | श्री नवराज बराल, जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | ९८५६००६२२२ |
| **सदस्य** | डा. अर्जुन आचार्य, निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | |
| **सदस्य** | श्री नानीबाबु दानी, अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | |
| **सदस्य** | श्री बाबुराम आचार्य,प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | ९८५६०३३४२४ |
| **आमन्त्रित :** | | | |
| | श्री डोलराज पाण्डे,सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की | ९८५६०२५१२५ |
| | श्री श्रीनाथ पौडेल, स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६०२४५०१ |
| | श्री गुरुदत्त ढकाल, स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६०३७५०१ |
| | श्री भरतराज पौडेल, अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की | ९८५६०५८२८८ |
| | श्री लिला वल्लभ न्यौपाने, प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८२७४७३६४१ |

यस समितिका सल्लाहकारमा जिल्ला समन्वय समिति, कास्कीका प्रमुख श्री बैन बहादुर अधिकारी क्षेत्री रहनुभएको छ । कास्की जिल्ला स्थित पालिकास्तरीय संरचना गठन गरी क्रियाशिल तुल्याउन जिल्लास्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्दा माछापुच्छ्रे गाउँपालिकामा पालिकास्तरको CCMC गठन भई सञ्चालनमा आएको जानकारी प्राप्त भएको छ।

स्थानीय तहहरु :
पोखरा महानगरपालिका
अन्नपूर्ण गाउँपालिका
माछापुच्छ्रे गाउँपालिका
मादी गाउँपालिका
रुपा गाउँपालिका

सुरक्षा निकायहरु :
१.नेपाली सेना
२.नेपाल प्रहरी
३.सशस्त्र प्रहरी बल,नेपाल
४.राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला कार्यालय कास्की

हेल्थ डेस्क सहितका सीमा नाकाहरु:
१. पोखरा म.न.पा-३२,मझुवा
२. पोखरा म.न.पा.-१७ छोरेपाटन
३.अन्नपूर्ण गा.पा.-नयाँपुल

# कास्की जिल्लागत CCMC: समन्वय, सम्पर्क र महत्वपूर्ण जानकारी

बैठक संख्या (मिति २०७६।१२।०९ देखि हालसम्म)
CCMC-२७
COVID COMMAND POST-१२
जिल्ला सुरक्षा समिति-९
जिल्ला विपद् व्यवस्थापन समिति-१

राहात वितरण
जम्मा घरपरिवार संख्या-३४०६६
पोखरा महानगरपालिका-३०८८६
अन्नपूर्ण गाउँपालिका- ०
(५०० घर परिवारलाई बाड्ने तयारीमा)
माछापुच्छ्रे गाउँपालिका-६८५
मादी गाउँपालिका-२०४८
रुपा गाउँपालिका-४४७

आईसोलेसन वेड संख्या-१११
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान-११
मणिपाल शिक्षण अस्पताल-१५
गणडकी मेडिकल कलेज-१५
चरक मेमोरियल अस्पताल-३०
फिस्टेल अस्पताल-१०
फेवासिटी अस्पताल-१०
कास्की सेवा अस्पताल-१०
अन्य थप-१०

क्वारेन्टाईन कक्ष- २६६
पोखरा महानगरपालिका-१४८
अन्नपूर्ण गाउँपालिका-६०
माछापुच्छ्रे गाउँपालिका-१३
मादी गाउँपालिका-१०
रुपा गाउँपालिका-३५

Polymerase Chain Reaction(PCR)- 208
Non -Reactive- 208
Not Decided - 0
Rapid Diagnostic Test(RDT)-1030
Non -Reactive- 1029
Reactive -1

**लकडाउनको पूर्ण पालना गरौ, घरमै बसौ ।**
**कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा सबैले सहयोग गरौ ।।**

# क्वारेन्टाइन तथा आइसोलेशन व्यवस्थापन

## क्वारेन्टाइन व्यवस्थापन :


कोभिड-१९ (कोरोना भाइरस) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड अनुसार कास्की जिल्लाका सबै स्थानीय तहहरुबाट व्यवस्थापन गरी तयारी अवस्थामा राखिएका क्वारेन्टाइन स्थलहरुको विवरण देहाय बमोजिमको तालिकामा उल्लेख गरिएको छ।

**कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुकोक्षमताको संख्यात्मक विवरण**

| सि.नं. | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | ३ | ४ | ७ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | ३५ | - | - | - |
| | जम्मा | २६६ | ३ | ४ | ७ |

चौध दिन वा सो भन्दा बढी क्वारेन्टाइनमा बसी सकेका व्यक्तिहरुका बारेमा CCMC मा छलफल गरी स्वास्थ्य कार्यालय कास्कीको समन्वयमा Rapid Diagnostic Test (RDT) / Polymerase Chain Reaction (PCR) गरेर मात्र छाड्ने वा नछाड्ने विषयमा निर्णय लिने व्यवस्थाको थालनी भएको छ।

पोखरा महानगरपालिकास्थित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र डुम्रिकोटमा सञ्चालित क्वारेन्टाइनमा बसेका १६ जना व्यक्तिहरुको बसाई अवधि १४ दिन पूरा भएकोले कोभिड-१९ परिक्षण गर्दा सबैको नेगेटिभ नतिजा आएकोले ७ दिन अनिवार्य होम क्वारेन्टाइनमा बस्ने शर्तमा हस्ताक्षर गराई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी क्वारेन्टाइनबाट पठाइएको छ। यसरी पठाइएकाको हकमा आवश्यक अनुगमन, निरिक्षण सम्बन्धित जिल्ला र स्थानीय तहहरुमार्फत भईरहेको छ।



रुपा गाँउपालिकाबाट सञ्चालित क्वारेन्टाइन कक्ष

कास्की जिल्ला भित्र अन्य जिल्लावाट प्रवेश गर्ने अनाधिकृत व्यक्तिहरुलाई नाकावाटै फिर्ता पठाउने र निजहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थाको समन्वयका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुलाई जिम्मेवार बनाइएको छ। कास्की जिल्ला भित्रका एक स्थानीय तहवाट अर्को स्थानीय तहमा हुन सक्ने आवतजावतलाई नियन्त्रण गरी सम्वन्धित स्थानीय तहमा नै क्वारेन्टाइनमा राख्ने व्यवस्थाका लागि अनुरोध गरिएको छ।

RDT वाट परिक्षण गरिएका व्यक्तिहरुको PCR परिक्षणमा पोजेटिभ देखिन सक्ने भएकोले त्यस्ता व्यक्तिहरुलाइ २८ दिन सम्म क्वारेन्टाईनमा राख्ने वा घर मै क्वारेन्टाइनमा वस्ने व्यवस्था सम्वन्धित स्थानीय तहहरुले मिलाउने तथा यस सम्वन्धी कार्यका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा स्वास्थ्य कार्यालय कास्कीले आवश्यक समन्वय गर्ने गरी जिम्मेवारी तोकिएको छ।

Travel History थाहा नभएका बेवारिसे, अलपत्र र जोखिमपूर्ण अवस्थामा कास्की जिल्लाभित्र भेटिएका मानिसहरुको RDT र आवश्यकता अनुसार PCR परिक्षण गरेर मात्र पोखरा महानगरपालिकाले व्यवस्थापन गरेका क्वारेन्टाइन कक्षहरुमा राख्ने तथा यस्ता मानिसहरुको PCR परिक्षण पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गर्ने व्यवस्था मिलाइएको छ।



मादी गा.पा.मा सञ्चालित क्वारेन्टाइन स्थल



रुपा गाँउपालिकाबाट सञ्चालित क्वारेन्टाइन कक्ष



पोखरा म.न.पा.मा सञ्चालित क्वारेन्टाइन कक्ष

## ५६ जना क्वारेन्टाइन स्थलबाट बिदाई



कास्की जिल्लाका सबै स्थानीय तहहरुबाट सञ्चालित क्वारेन्टाइन कक्षहरुमा हालसम्म ५६ मानिसहरुले तोकिए बमोजिमको शर्त र अवधि पुरा गरी विदाई भएका छन् भने हाल जम्मा २६६ क्वारेन्टाइन कक्षहरुमध्ये ३ महिला र ४ पुरुष गरी जम्मा ७ जना मानिसहरु बस्दै आइरहेका छन् ।

## क्वारेन्टाईन संचालन तथा व्यवस्थापन समिति

नेपाल सरकारद्वारा जारी गरिएको कोभिड-१९ (कोरोना भाइरस) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्डको बुदा नं १२ (ग) बमोजिमको कास्की जिल्लागत क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समितिमा सुरक्षा निकाय, अस्पताल एवं संघ संस्थाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| | नाम थर | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| संयोजक | **श्री गुरुदत्त ढकाल, स.प्र.जि.अ.** | **जिल्ला प्रशासन कार्यालय** | **९८५६०३७५०१** |
| सदस्य | **श्री पवन विष्ट, सेनानी** | **नेपाली सेना भगवती दल गण कास्की** | **९८४१५२८११५** |
| सदस्य | **श्री महेश गुरुङ, प्र.अ.अ.** | **राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय कास्की** | **९८०५१०३१२१९** |
| सदस्य | **श्री दिपक के.सी., प्र.नि.** | **जिल्ला प्रहरी कार्यालय कास्की** | **९८५१२८१६५९** |
| सदस्य | **श्री लक्ष्मण बराल, सशस्त्र प्र.नि.** | **श्री नं २४ सशस्त्र प्रहरी कालिका गण कास्की** | **९८५१२५८७९५** |
| सदस्य | **श्री डा. निरज पौडेल** | **मातृशिशु मितेरी अस्पताल, कास्की** | **०६१-४४०१४४** |
| सदस्य | **श्री हेमन्त शर्मा पौडेल, वरिष्ठ स्वास्थ्य शिक्षा प्रशिक्षक** | **पोखरा म.न.पा.को कार्यालय** | **९८५११८९३९४** |
| सदस्य | **श्री रामकृष्ण गिरी, इन्जिनियर** | **संघिय आयोजना कार्यान्वयन ईकाइ (भवन)** | **९८४६०५२४०१** |
| सदस्य | **श्री कृष्ण तिमिल्सिना, प्रतिनिधि** | **जिल्ला रेडक्रस सोसाइटी कास्की** | |

कास्की जिल्लामा रहेका क्वारेन्टाइन स्थलहरुको सुरक्षा व्यवस्था सुरक्षा निकायको समन्वयमा नेपाल प्रहरीले मिलाएको छ ।

## आइसोलेशन व्यवस्थापन:

कास्की जिल्लाभित्र सञ्चालनमा रहेका ५० बेड भन्दा माथिका अस्पतालमा न्यूनतम १० बेड क्षमताको आइसोलेसन वार्ड तयारी अवस्थामा राख्ने नीति अनुरूप जिल्लाभित्र देहाय बमोजिम आइसोलेसन बेड तयारी अवस्थामा राखिएको छ। कोभिड-१९ को सङ्क्रमणका विरामीहरुलाई राख्ने व्यवस्थाका लागि पहिलो चरणमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा छुट्याइएका आइसोलेसन कक्षहरु प्रयोगमा ल्याउन सक्ने गरी तयारी अवस्थामा राख्ने तथा अन्य आइसोलेसन कक्षहरु आवश्यकताअनुसार क्रमश: प्रयोग गर्दै जाने नीति अवलम्बन गरिएको छ । कोभिड-१९ संक्रमित विरामीहरुको चाप बढ्दै जाँदा थप बेड आवश्यक भएको अवस्थामा कास्की सेवा अस्पताल र चरक मेमोरियल अस्पतालका बेडहरु उपलब्ध हुने अवस्थामा राखिएकोमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई मिति २०७७।०१।०२ गते देखि कोभिड-१९ Dedicated Hospital को रुपमा तोकिएपछि सोहि अनुरुपको तयारी गरिएको छ। साथै कोभिड-१९ संक्रमितको उपचार प्रारम्भ भए पश्चात त्यहाँका अन्य विरामीहरु अन्य अस्पतालमा स्थानान्तरण गर्ने गरी कार्ययोजना सहित तयारी गरिएको छ । कोभिड-१९ Dedicated Hospital मा रहेको प्रयोगशाला एवं अस्पतालको समग्र सुरक्षाको लागि नेपाल प्रहरीको जुनियर प्रहरी अधिकृतको कमाण्डमा एक टोलि खटाइएको छ।

| क्र.सं | स्वास्थ्यसंस्थाको नाम | सम्पर्क व्यक्ति | फोन नं | आइसोलेसन बेड (Isolation) संख्या |
|---|---|---|---|---|
| १ | पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठान | डा. अर्जुन आचार्य | ९८५६०३७२४३ | ११ |
| २ | मनिपाल कलेज अफ मेडिकलसाइन्स | मे.सु डा. सूर्य चौधरी | ९८०२८३८५५५ | १५ |
| ३ | गण्डकी मेडिकल कलेज | लक्ष्मण आचार्य | ९८४०२८०४६ | १५ |
| ४ | चरक मेमोरियल | मे.सु. डा . क्लारा पौडेल | ९८०२८२३४५६ | ३० |
| ५ | फिस्टेल हस्पिटल | मे.सु. डा. भोला श्रेष्ठ | ९८५६०२८६५६ | १० |
| ६ | फेवा सिटि हस्पिटल | त्रिभुवन पराजुली | ९८५६०३२९३३ | १० |
| ७ | कास्की सेवा अस्पताल | डा. पदम बहादुर खड्का | ९८५६०२८१९६ | १० |
| ८ | | | अन्य थप | १० |
| | | | **जम्मा** | १११ |



**" नियन्त्रण गर्न कोभिड-१९ रोगको महामारी**

**तपाई हाम्रो स्वास्थ्य, तपाई हाम्रै जिम्मेवारी "**

## Rapid Diagnostic Test (RDT)

नेपाल बाहिरबाट आई कास्की जिल्लामा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको कोभिड-१९ को RDT व्यवस्थापनको समन्वय स्वास्थ्य कार्यालय, कास्कीले तथा परीक्षणको व्यवस्था सम्बन्धित स्थानीय तह तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान समेतले मिलाउने गरी मिति २०७६।१२।२८ देखि परीक्षणको कार्य प्रारम्भ भएको छ। मिति २०७६।१२।२८ बाट शुरु गरिएको नमूना परीक्षणलाई तीव्रता दिई यथाशिघ्र सम्पन्न गर्ने व्यवस्था मिलाईए अनुसार मिति २०७७।०१।२३ सम्म **RDT** परिक्षणका लागि जम्मा १०३०नमूना संकलन गरिएको छ सोको नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या २०७७।०१।२३ | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या २०७७।०१।२२ सम्म | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरा म.न.पा. | ० | ० | - | - | ७१० | ७१० |
| २ | मादी गा.पा. | १ | १ | - | - | १६ | १७ |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | ५८ | ५८ |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | १० | १० |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | ९ | ९ | - | - | २२४ | २३३ |
| | **जम्मा** | १० | १० | - | | **१०२०** | **१०३०** |

हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय कास्कीमा स्वास्थ्य जाँच गर्ने प्रविधि र संयन्त्र नभएको स्थितिमा प्रहरी कर्मचारीहरुले शंकित वा प्रतिवादी पक्राउ गरी अनुसन्धान एवम् अभियोजनका लागि अदालत वा न्यायिक निकाय (जिल्ला प्रशासन कार्यालय, कास्की) मा उपस्थित गराउँदा प्रहरी र पक्राउ परेका व्यक्तिहरुको सरसफाई एवम् सामाजिक दुरी कायम गर्न, जोखिममा पर्न नदिन तथा संक्रमण फैलिन नदिन यस कार्यमा संलग्न हुने प्रहरीहरु समेतको लागि RDT, PCR वा अन्य उपयुक्त प्रविधिबाट सामान्यतया हप्तामा २ (दुई) दिन परीक्षण गराउने व्यवस्था शुरु भएको छ। उक्त व्यवस्थाका लागि तत्कालमा पोखरा महानगरपालिकाको शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आवश्यक हुने RDT किटहरुको लागि स्वास्थ्य कार्यालय, कास्की र PPE को लागि प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रलाई अनुरोध गरी व्यवस्थापन गरिएको छ।

## Polymerase Chain Reaction (PCR)

विदेशबाट नेपाल आई क्वारेन्टाईन तथा होम क्वारेन्टाइनमा आफूखुसी वस्दै आएका व्यक्तिहरुलाई आवश्यकता र प्राथमिकताका आधारमा अनिवार्य स्वाब परिक्षणको व्यवस्था मिलाउन गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय वा अन्तरगतका स्वास्थ्य संस्थाहरु तथा स्थानीय तहहरुसंग आवश्यक समन्वय भएको छ।

नियमित रुपमा कास्की जिल्लामा रहेका मानिसहरुको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण परिक्षणको लागि नमूना संकलन तथा **Polymerase Chain Reaction (PCR Test)** गर्ने कार्य पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गर्दै आइरहेको छ। यसरी गरिएको PCR Test को कास्की जिल्लाको मिति २०७७।०१।२३ सम्मको जम्मा संकलन भएको २०८ नमूना तथा सो को नजिता देहाय बमोजिम रहेको छ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| **२०७७।०१।२३ सम्म** | २०८ | २०८ | - | ० | - |



- **साबुन पानीले मिचि-मिचि हात धोऔ।**
- **गुणस्तरीय सेनिटाइजरले हात बेला बेलामा सफा गरौ।**
- **कसैसगँ पनि हात नमिलाऔ, अंकमाल नगरौ।**
- **कोरोना भाइरसको संक्रमणबाट हुने कोभिड-१९ रोगको लागि उचित सावधानी अपनाऔ।**

# उपचार तथा स्वास्थ्य सेवा पूर्वाधार

## कोभिड-१९ (कोरोना भाइरस) बाट संक्रमित विरामीको उपचार व्यवस्थापन:

कास्की जिल्लामा रहेका स्वास्थ्य सेवामा संलग्न सरकारी, निजी एवं अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले आफ्नो जिम्मेवारी, पेशागत मर्यादाको निष्ठापूर्वक पालना गरी कोभिड-१९ (कोरोना भाइरस) बाट संक्रमित क्षेत्र वा स्थान र संक्रमित व्यक्तिहरुको उपचारमा कर्तव्यनिष्ठ भई संलग्न हुने व्यवस्था मिलाईएको छ। त्यसैगरी संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहे नरहेको बुझी शंकास्पद बाहेक अन्यलाई सम्बन्धित अस्पतालले उपचार गर्ने र शंकास्पद देखिएमा तोकिएका अन्य अस्पतालसँग समन्वय गरी उपचारको व्यवस्था मिलाईएको छ।

कोभिड-१९ (कोरोना भाइरस) बाट संक्रमित विरामी लगायत अन्य विरामीहरुलाई उपचार नगरी जिम्मेवारीबाट उम्कन खोज्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई संक्रामक रोग ऐन, २०२० को दफा ३ बमोजिम कानूनी कारवाही हुने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिएको छ।



जिल्लागत CCMC को टोलीबाट मातृशिशु मितेरी अस्पतालको अनुगमन

कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६ बमोजिम सो निर्देशिकाको अनुसूचि २ मा उल्लेखित कास्की जिल्लास्थित कोभिड अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा कोभिड पोजिटिभ विरामी भर्ना भएको दिनदेखि त्यसअघि भर्ना भई उपचाररत विरामीहरुलाई अन्य अस्पतालमा स्थानान्तरण गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय भएको छ।

स्थानीय तहहरुवाट व्यवस्था भएका क्वारेन्टाइन गृहहरुको नियमित अनुगमनमार्फत तोकिएको मापदण्ड अनुसार भए नभएको एकिन गरी नभएको पाइएमा मापदण्ड अनुसार वनाउन स्थानीय तहहरुलाई अनुरोध गरिएको छ। त्यसैगरी आईसोलेशनका लागि तयार पारिएका कक्षहरुलाई कोभिड क्लिनिकका लागि पूर्ण रुपले उपयोग गर्न **पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मनिपाल कलेज अफ मेडिकल साइन्स र गण्डकी मेडिकल कलेज** लाई निर्देशन गरिएको छ।

## अन्य विरामीको उपचार व्यवस्थापन :

जिल्ला भित्रका सम्पूर्ण सरकारी, गैह सरकारी, निजी, सामुदायिक क्षेत्र तथा मेडिकल कलेज र प्रतिष्ठानवाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थावाट ओपिडी सेवा बाहेकका आकस्मिक तथा गम्भिर प्रकारका सेवाहरु अत्यावश्यक एवं आधारभूत सेवाहरु र सो सँग सम्बन्धित सबै निरोधात्मक सेवाहरु सूचारु गराउन सबै स्वास्थ्य संस्थाहरुलाई निर्देशन भई उल्लेखित सेवाहरु सुचारु भएको छ र सो को आवश्यकता अनुसार अनुगमन भएको छ।



जिल्लागत CCMC को टोलीबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निर्मित आइसोलेशन वार्डको अनुगमन

जिल्लामा संचालनमा रहेका सरकारी र निजी गरी १० वटा अस्पतालहरुको ज्वरो क्लिनिक, Pre-Isolation, Isolation व्यवस्थापन, एम्बुलेन्स सेवाका साथै नियमित सेवा प्रवाहका सम्बन्धमा कास्की जिल्लाको कोभिड कमाण्ड पोष्टबाट अनुगमन निरिक्षण गरि थप सुधारका लागि आवश्यक निर्देशन हुंदा तत्काल सुधार भई सेवा सुचारु भएको छ।



जिल्लागत CCMC को टोलीबाट चरक मेमोरियल अस्पतालको अनुगमन

पि.पि.ई. को अभावका कारण उपचारमा असर पर्न नदिन तथा स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न पोखरा महानगरपालिकाको समन्वयमा करिब ४०० थान पि.पि.ई खरिद भई सबै गाँउपालिकामा १०/१० थान, गण्डकी प्रदेश सरकारलाई १०० थान, गण्डकी अस्पताल, शिशुवा अस्पताल, मातृशिशु मितेरी अस्पताललाई ५०/५० थानका दरले उपलब्ध गराईएको।

## जिल्लामा परिचालित एम्बुलेन्सहरु कोभिडमैत्री एम्बुलेन्सको रुपमा रुपान्तरण :

जिल्लाभर कहि कतै बाट कोरोना भाइरसको संक्रमित व्यक्तिहरुको सूचना प्राप्त भएमा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश स्थित "हेल्लो डाक्टर हटलाइन सेवा (१०९२) मा सम्पर्क गरि त्यस्ता व्यक्तिको स्क्रिनिङ्ग पश्चात तहाँबाट प्राप्त निर्देशन बमोजिम एम्बुलेन्स परिचालनको व्यवस्था मिलाईएको छ। कोभिड-१९ को संक्रमण आशंका तथा संक्रमण पुष्टि भएका व्यक्तिहरुको ओसारपोसारमा संलग्न हुने व्यक्तिहरुले अनिवार्य रुपमा व्यक्तिगत सुरक्षा कवच (PPE) को प्रयोग गर्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रादेशिक सदरमुकाम रहेको जिल्लामा कम्तीमा ५ वटा एम्बुलेन्सहरुलाई कोभिडमैत्री एम्बुलेन्सको रुपमा तयार गरी तयारी अवस्थामा राख्न कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य समूहबाट प्राप्त निर्देशन अनुसार COVID-19 Friendly Ambulance वनाउन कास्की जिल्ला स्थित एम्बुलेन्स संचालन समिति, स्वास्थ्य कार्यालय कास्की,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीलाई अनुरोध गर्दा जिल्लामा परिचालन भएका जम्मा ४४ वटा एम्बुलेन्सहरुमध्ये २८ वटा एम्बुलेन्स तोकिएको मापदण्ड ,Design वमोजिम कोभिडमैत्री एम्बुलेन्सको रुपमा रुपान्तरण भैसकेका छन् भने बाँकि १६ वटा एम्बुलेन्सहरुलाई पनि कोभिडमैत्री बनाउने गरी संरचनामा सुधार गर्ने कार्य जारी छ।



कास्की जिल्लागत CCMC को टोलीबाट कोभिडमैत्री एम्बुलेन्स रुपान्तरण कार्यको अनुगमन

## एम्बुलेन्स चालकहरुलाई अभिमुखिकरण तालिम :

कास्की जिल्लाभित्र परिचालित कोभिड-१९ मैत्री तथा अन्य एम्बुलेन्सका चालकहरुलाई कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणको क्रममा वहन गर्नुपर्ने आफ्नो कर्तव्य एवं जिम्मेवारी तथा अबलम्बन गर्नुपर्ने पूर्व सावधानीका विषयहरुको जानकारी दिने उद्देश्यले अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो।



कास्की जिल्लागत CCMC को टोलीबाट कोभिडमैत्री एम्बुलेन्स रुपान्तरण कार्यको अनुगमन

कोभिड-१९ महामारीको विषम परिस्थितिमा एम्बुलेन्स सञ्चालन गरेका संस्थाहरुले एम्बुलेन्स परिचालन समितिको निर्देशनको अनिवार्य पालना गर्नुपर्नेछ भने एम्बुलेन्स परिचालन समितिको निर्देशन अवज्ञा गर्ने, सेवा दिन आनाकानी एवम् इन्कार गर्ने संस्था एवम् व्यक्तिहरुलाई संक्रामक रोग ऐन, २०२० को दफा ३ बमोजिम कानूनी कारबाही हुने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईएको छ।




स्वास्थ्य कार्यालय कास्कीको आयोजनामा एम्बुलेन्स चालकहरुलाई अभिमुखिकरण कार्यक्रम

- पोखरा महानगरपालिका मार्फत डायलायसिसका विरामीहरुलाई सवारी साधनको अभाव तथा अन्य कारणले असहजता नहोस् भनि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईएको साथै लकडाउन अवधि देखि र अगाडिका ४२ दिनसम्मका सुत्केरीहरुलाई पौष्टिक आहार सहितको सुत्केरी प्याकेज उपलब्ध गराइएको।
- पोखरा म.न.पा क्षेत्र भित्रका नागरिकहरुलाई स्वास्थ्य र अन्य गुनासाहरुको सम्बोधन गर्न निशुल्क हटलाइन नं ११८१ र १०८६ सञ्चालनमा ल्याइएको छ। यस्ता गुनासाहरुको निरिक्षण अनुगमन गरी सोको यथासम्भव समाधानको व्यवस्था मिलाइएको।

## नियमित बजार अनुगमन भैरहेको

कास्की जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाहरुको (खाद्यान्न, औषधि लगायत अन्य दैनिक उपभोग्य वस्तुहरु) उपलब्धता, मौज्दात र विक्रि वितरण लगायत अन्य अवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पत्रकार समेतको प्रतिनिधिहरुको सहभागितामा नियमित बजार अनुगमन गर्ने गरिएको छ।

अनुगमनको क्रममा त्यस्ता वस्तुहरु तथा सेवाहरुको उपलब्धता, विक्रि वितरण जस्ता पक्षहरुमा देखिएका कमि कमजोरीहरुलाई तत्काल सुधार गर्नको लागि आवश्यक सल्लाह, सुझाव र निर्देशन दिई कोभिड-१९ संक्रमणको यस्तो विषम परिस्थितिमा एकाधिकार, कालोबजारी तथा मिलेमतो जस्ता गैरकानूनी कामकारबाहीलाई कास्की जिल्लाभित्र निषेध गर्नका लागि विभिन्न समयमा यस कार्यालयबाट आदेश तथा सूचनाहरु समेत जारी भएका छन्। बजार तथा बजारसँग सम्बन्धित अन्य विषयहरुको सम्बन्धमा यस कार्यालयमा प्राप्त हुने उजुरी एवं गुनासोहरुलाई प्राथमिकताका साथ फर्स्यौट गरी उपभोक्ता सन्तुष्टि कायम गर्नतर्फ यस कार्यालय अग्रसर रहिआएको छ।



जिल्ला प्रशासन कार्यालय कास्कीका स.प्र.जि.अ. सहितको टोलीबाट बजार अनुगमन

## क्वारेन्टाइन अनुगमन

कास्की जिल्लागत CCMC को टोलीबाट विभिन्न मितिमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि स्थानीय तहहरुबाट सञ्चालित क्वारेन्टाइन स्थलहरुको अनुगमन निरिक्षण भएको छ।



कास्की जिल्लागत CCMC टोलीबाट मादी गाँउपालिका वडा नं ३ स्थित सिताराम मा.वि.मा संचालित क्वारेन्टाइन स्थलको अनुगमन

मिति २०७६/१२/१६ मा Quin Zhoo ले बढी मूल्य लिई विक्री वितरण गरेको पाइएकोमा ११५० थान मास्क जफत गरी रु ५००००/- धरौटी लिई तारेखमा राखिएको

कास्की जिल्लाका सबै स्थानीय तहहरुसँग समन्वय गरी जिल्लामा स्थानीय आवश्यकता र उपलब्धताको विश्लेषण गरेर तरकारी, फलफूल तथा कृषिजन्य उपजहरुको बिक्रि वितरण गर्ने विन्दुहरुमा सावधानीका शर्तहरुको पूर्ण पालना गरेर मात्र विक्री वितरणको व्यवस्था गरी कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणमा सबै स्थानीय तह एवं सरोकारवालाहरुलाई जिम्मेवार, शतर्क र सुरक्षीत बनाउन तथा सोको निरन्तर अनुगमन र निगरानी जिल्लास्थित सुरक्षा निकायहरुले मिलाउने व्यवस्थाका लागि आवश्यक काम कारबाही प्राथमिकताका साथ अगाडि बढाएको छ।

## जिल्ला प्रशासन कार्यालय कास्कीबाट भएको बजार अनुगमनको संक्षिप्त विवरण

| सि.नं | मिति | अनुगमन गरेको फर्मको नाम र ठेगाना | | सि.नं | मिति | अनुगमन गरेको फर्मको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | २०७६।१२।२३ | गृहलक्ष्मी ग्याँस कम्पनी, पोखरा-<br>मणिपाल शिक्षण अस्पताल, पोखरा-१६<br>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा-१२ | | २ | २०७६/१२/२७ | लकडाउन कार्यान्वयनको अवस्था |
| ३ | २०७६/१२/२८ | लकडाउन कार्यान्वयनको अवस्था | | ४ | २०७६/१२/२९ | लकडाउन कार्यान्वयनको अवस्था |
| ५ | २०७६/१२/२९ | लकडाउन कार्यान्वयनको अवस्था | | ६ | २०७६/१२/३० | सुमित सप्लायर्स पोखरा-१७ |
| ७ | २०७७/१/४ | सिर्जित स्टोर्स, पोखरा-२८<br>दुर्गा गौतम किराना पसल, पोखरा-२८<br>प्रतिक्षा किराना पसल, पोखरा-२८ | | ८ | २०७७/०१/०६ | बि.एस.सपिङ्ग सेन्टर,<br>मिराज सपिङ्ग सेन्टर,<br>डबल ए किराना पसल,<br>प्रियन्सी स्टोर |
| ९ | २०७७/०१/०९ | देउराली गुरुङ<br>पोखरा-२३ घाँटीछिना | | | | |

बजार अनुगमन र समन्वय सम्बन्धी केही तस्विरहरु





# राहत वितरण तथा उद्दार

## एकद्वार प्रणालीबाट राहत वितरण :

कोभिड-१९ (कोरोना भाइरस) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि देशव्यापी रुपमा जारी भएको लकडाउनको आदेशपश्चात सिर्जित अवस्थाका कारण दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्दै आएका तथा असंगठित क्षेत्रका मजदुर, श्रमजीवि वर्ग र न्यून आय भएका व्यक्तिहरुलाई दैनिक जीवनयापनमा सहजीकरण गर्न कास्की जिल्ला भित्रका सबै स्थानीय तहहरुवाट समन्वय भई राहत वितरणको कार्य हुदै आएको छ। यसरी भएको राहत वितरणको कार्यहरुलाई एकद्वार प्रणाली मार्फत



वितरण गर्न तथा राहत वितरणमा असंगठित क्षेत्रका मजदुर, श्रमजिवि वर्ग र न्यून आय भएका व्यक्तिहरुलाइ निष्पक्ष रुपमा वितरणका लागि प्राथमिकिकरण गर्ने व्यवस्थाका लागि समन्वय भएको छ । कोभिड-१९ (कोरोना भाइरस) को संभावित संक्रमणलाई मध्यनजर गर्दै राहत वितरणको कार्यलाई पूर्णरुपले एकद्वार प्रणालीमार्फत सम्बन्धित स्थानीय तहहरुबाट नै हुने गरी व्यवस्थापन गरिएको छ।

तसर्थ कुनै व्यक्ति एवम् संघ संस्थाहरुलाई राहतका लागि नगद तथा जिन्सी प्रदान गर्न इच्छा भएमा सम्बन्धित स्थानीय तहको सिफारिस साथ जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र खाद्यान्न, आर्थिक, जिन्सी संकलन गर्न तथा राहत वितरणको कार्यमा संलग्न हुन पाउने नीतिगत व्यवस्था छ। अन्यथा भएको पाईएमा संक्रमाक रोग ऐन, २०२० को दफा ३ बमोजिम कानूनी कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सुचित समेत गरिएको छ।

### तयारी खाना वितरण

पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका कोहि पनि भोकै हुन नपरोस् भन्ने उद्देश्यले स्थानीय पौरखी समूह र लेखनाथ उद्योग वाणिज्य संघको व्यवस्थापनमा करिब ४०,००० छाक तयारी खाना उपलब्ध गराइएको।

कोभिड-१९ (कोरोना भाइरस) को संम्भावित संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि लकडाउनको आदेश जारी भएको समयमा राहत वितरण गर्दा सम्बन्धित स्थानीय तहको १ जना प्रतिनिधि, १ जना सुरक्षाकर्मी सहित बढिमा ३ जना मात्र प्रतिनिधिहरुको उपस्थितीमा सुरक्षित विधि अवलम्बन गरी लगतको आधारमा घर घरबाटै वितरण गर्ने व्यवस्था मिलाउने, वितरण स्थलबाट नै गर्नुपर्ने भएमा खुल्ला चौरमा न्यूनतम १ मिटरको दूरी कायम गरेर मात्र वितरण गर्ने व्यवस्था मिलाउन सबै स्थानिय तहहरुलाई अनुरोध गरिएको छ भने यस बिषयको नियमित अनुगमन र निगरानी कास्की जिल्लास्थित CCMC ले गर्दै आएको छ।



## विदेशी पर्यटक, वेवारिसे श्रमिक / कामदार उद्दार :

कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा संलग्न गण्डकी प्रदेश सरकार, स्थानीय प्रशासन, सुरक्षा निकायहरु, स्थानीय तह र स्वास्थ्य संस्थाहरु तथा अन्य सरोकारवाला संघसंस्थाहरुवीच समन्वय भई प्राप्त आदेश तथा निर्देशनहरुको कार्यान्वयन भैरहेको छ। यस अवधिमा कास्की जिल्लाभित्र भेटिएका ७ जना वेवारिसे अवस्थाका जेष्ठ नागरिकहरुलाई पोखरा महानगरपालिकामा अवस्थित मानव सेवा आश्रम तथा ३० जना सडक वालवालिकाहरु एवं जोखिमपूर्ण अवस्थामा रहेका महिला/पुरुषहरुलाई अन्नपूर्ण गाँउपालिका वडा नं १ लेवाडे स्थित Children Nepal नामक संस्थामा आवास सहितको सुविधा सहित व्यवस्थापन गरिएको छ।

**विदेशी पर्यटक**

- ९५४ जना लाई सम्बन्धित देशको दुतावासको अनुरोधमा गृह मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम निजहरुको खर्चमै उद्दार गरी कास्की देखि काठमाण्डौसम्म हवाई तथा स्थल मार्ग भई जाने व्यवस्थाका लागि सवारी पास उपलब्ध गराईएको।

**अलपत्र परेका मजदुर**

- कास्की जिल्ला बस्दै आएका करिब ९००० जना स्वदेशी मजदुरहरुलाई निजहरुको गृह जिल्लासम्म पुग्नको लागि सम्बन्धित जिल्ला र स्थानीय तहसँग समन्वय गरी पठाइएको।

## कास्की जिल्ला स्थित स्थानीय तहहरु मार्फत मिति २०७७।०१।२३ सम्म वितरण गरिएको राहतको विवरण

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल(लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य | |
| १. | पोखरा म.न.पा. | ३०८८६ | ५२१६५१ | ४१७३२ | ३०८८६ | २०८७२ | - | २०८७२ | - | |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको। | | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा<br>मसला १ पोका<br>बेसार १ पोका | |
| ४. | मादी गा.पा. | २०४८ | ५१२०० | २०४८ | २०४८ | - | २०४८ | - | - | |
| ५. | रुपा गा.पा. | ४४७ | ८२०० | ६७७ | ४७१ | ३८६ | - | - | - | |
| | जम्मा | ३४०६६ | ५९८५११ | ४५७८७ | ३४०९० | २१९४३ | २०४८ | २०८७२ | - | |

| कोरोना संक्रमण पुष्टि भएका विरामी ओसारपोसार गर्न छुट्टाईएका एम्बुलेन्सहरु (Dedicated Ambulances ) | | | | |
|---|---|---|---|---|
| क्र.स. | एम्बुलेन्स संचालक संस्थाको नाम | संस्थाको संम्पर्क नम्बर | चालकको नाम | चालकको नम्बर |
| १. | नेपाल रेडक्रस सोसाइटी कास्की | ९८५६०२५१२५<br>डोलराज पाण्डे<br>९८४६०४५२७०<br>खेमराज सापकोटा | रामशरण लामा | ९८४६०४२७७८ |
| २. | आर्मी हस्पिटल, फुलबारी | ९८०१०२०४४४<br>डा. आर्या रायमाझी | | |
| ३. | विजी अस्पताल, माटेपानी | ९८५६०३०७८०<br>डा. निर्मल लामिछाने | शिशिर नेपाली | ९८६६००५५६७ |
| ४. | सिद्धार्थ क्लब, वगालेटोल | ९८४६२०२८६०<br>पार्वति मकाजु | डिल्लीराम पौडेल इश्वर श्रेष्ठ<br>कुशल कुँवर | ९८४६५१४४४२, ९८४६७७७४१८<br>९८५६००७२७२ |
| ५. | हरियोखर्क अस्पताल, नयाँ गाउँ | ९८५६०३७१०८<br>विजय बराल | रोशन गुरुङ | ९८६२३८३१२४ |
| ६. | फिस्टेल हस्पिटल | ९८४६११३८४२<br>मधु ज्ञवाली | कुल बहादुर नेपाली | ९८०४११३२५६ |



**सामाजिक दुरी कायम गरौ**

**कोरोना भाइरसको संक्रमणबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ।**

# उद्योग व्यवसाय, विकास योजना तथा अन्य निर्माणमा सहजिकरण

## अत्यावश्यक सेवा प्रवाह संचालन

कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि लकडाउन आदेश जारी रहेको अवस्थामा कास्की जिल्लामा अत्यावश्यक सेवा (बैंक, खाद्यान्न, औषधी, खानेपानी, विद्युत आदि) सञ्चालनका लागि देहाय अनुसारको व्यवस्था गरिएको छ।

- बैंकहरुलाई विहान ११ बजे देखी दिउसो १ बजे सम्म आलोपालो प्रणालीवाट सञ्चालन गर्ने।
- खाद्यान्न विक्री वितरण गर्ने पसलहरु विहान ६ बजे देखी वेलुकी ६ बजे सम्म खुल्ला राखी विक्री वितरण गर्ने।
- तरकारीको होलसेल पसल विहान ४ देखी ६ बजे सम्म खोली सञ्चालन गर्ने।
- औषधी पसलहरुवाट हुने सेवा प्रवाहलाई २४ घण्टा खुल्ला राखी सेवा दिने।
- खानेपानी, विद्युत, टेलिफोन, इन्टरनेट, केवल टि.भी. लगायतका सेवा प्रवाह गर्ने संस्थाहरुवाट निर्वाध रुपमा सेवा सञ्चालन गर्ने।

## उद्योग सञ्चालन तथा अनुगमन

कास्की जिल्लामा सञ्चालित विभिन्न विकास निर्माणका आयोजनाहरु, दैनिक अत्यावश्यक उपभोगका खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरु, चिनि, चाउचाउ, विस्कुटका उद्योगहरु, ईट्टाभट्टाहरु र जनक शिक्षा सामग्री केन्द्र अन्तर्गतका पसलहरु सञ्चालनका लागि तोकिएका प्रावधानहरु पुरा गरेर आपसी समन्वय र सहकार्यमा मात्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने व्यवस्था गरिएको छ। उक्त निर्धारित प्रावधानहरुको पालना गरे/नगरेको सम्बन्धमा सुक्ष्म अनुगमन गर्ने र गण्डकी प्रदेश तथा कास्की जिल्लागत CCMC बाट तोकिएका प्रावधानहरु पालना नगरेको पाईएमा उद्योग सञ्चालनमा रोक लगाई प्रचलित कानून बमोजिम कारवाही गर्ने शर्तमा कार्यसंचालन भईरहेका छन्।

## कृषिजन्य तथा निर्माण सामग्री ढुवानीमा सहजीकरण

कास्की जिल्ला भित्रका कृषकहरुलाई खेतीवाली लगाउन आवश्यक पर्ने मल, बिउ, विषादी, औजार, उपकरण लगायतका सामाग्री खरिद एवम् ढुवानीको लागि पसल खोल्न र सवारी साधन सञ्चालनको व्यवस्थालाई उपयुक्त कार्यतालिका बमोजिम सुचारु गर्ने व्यवस्थाको थालनी भएको छ। त्यस्तै जिल्ला भित्र निर्माण सामाग्री तथा हार्डवेयर सामाग्री, बिजुलीका सामान विक्री गर्ने होलसेल पसल तथा वर्कशपहरु, मेकानिकल उपकरणहरुको मर्मत गर्ने वर्कशपहरु, उद्योगका कच्चा पदार्थ, खाद्य सामग्री प्याकिङ तथा ऱ्यापिङ सम्बन्धी आवश्यक सामाग्री तथा तयारी बस्तुहरु ओसारपोसार गर्न आवश्यकता अनुसार स्थानीय तहसँग समन्वय गरी लोड, अनलोड र ढुवानीको समय र स्थान उल्लेख भएको उपयुक्त कार्यतालिका बमोजिम सवारीसाधन सञ्चालनको व्यवस्था मिलाइएको छ।

## आयोजना सञ्चालन तथा अन्य निर्माणमा सहजिकरण

कोरोना भाइरस को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी भएको देशव्यापी लकडाउनको आदेश पश्चात रोकिएका कास्की जिल्ला भित्रका राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त योजना/आयोजना र अन्य निर्माण कार्य मध्ये तत्काल निर्माण कार्य सञ्चालन नगरिएमा ठूलो आर्थिक तथा सामाजिक क्षति हुने सम्भावना रहेका योजना तथा आयोजनाका निर्माण कार्यहरुलाई क्रमश: अगाडि बढाउन सहजिकरण गरिएको छ।



कार्य सहजीकरण पश्चात सुचारु भएको पोखरा महानगरपालिका वडा नं २४ स्थित सिलट्रेशन ड्यामका काम गर्दै मजदुरहरु

यस्ता निर्माण कार्य सञ्चालन गर्दा नेपाल सरकारबाट तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु (मास्क, सेनिटाइजर, हेडगेयर, पञ्जा, बुट लगाउने) अबलम्बन गर्ने, मजदुर तथा जनशक्तिलाई सामाजिक दुरी (१.५ मिटर) कायम गर्ने, निर्माण स्थलमा अनिवार्य रुपमा खाने, वस्ने तथा पिउने पानी तथा दिवा खाजा र शौचालय तथा कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अबलम्बन गर्नु पर्ने भनि तोकिएका अन्य पूर्व सावधानीका उपायहरु समेतको व्यवस्था सम्बन्धित निर्माण व्यवसायी वा निर्माण धनीले मिलाउने गरी सञ्चालन गर्न आवश्यक सहजीकरण भईरहेको छ।



कार्य सहजीकरण पश्चात सुचारु भएको पोखरा महानगरपालिका वडा नं २४ स्थित सिलट्रेशन ड्याम

## जिल्ला प्रशासन कार्यालयले मिति २०७७/०१/१६ मा जारी गरेको सवारी पास सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

visit nepal 2020
फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

मिति: २०७७।०१।१६

**सवारी पास सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

१. कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम र नियन्त्रण गर्नेका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय तथा उच्चस्तरिय समितिको सिफारिसमा देशव्यापी लकडाउनको आदेश जारी भई कार्यान्वयनको चरणमा रहेको अवस्थामा कोही कसैलाई परिवारका सदस्यको मृत्यु संस्कारमा सहभागी हुन जाने तथा विरामी भई अस्पताल जाने जस्ता अत्यावश्यक सेवाका प्रयोजनार्थ सवारी अनुमति (पास) चाहिएमा ई-पास **(E-pass)** को व्यवस्था भएकोले सोको लागि **Web Browser** जस्तैः **Google Chrome, Internet Explorer, Opera mini, Mozilla** firefox etc. मध्ये कुनै एकमा गई ***www.epass.moha.gov.np*** मार्फत अनलाईन दरखास्त दिन सकिनेछ ।आवश्यकता र औचित्यता हेरि अनलाईन बाटै सवारी अनुमति (पास) जारी गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

२. कास्की जिल्ला भित्र सञ्चालित राष्ट्रिय गौरवका आयोजना तथा अन्य प्राथमिकताका प्राप्त विकास योजनाहरुमा निर्माण कार्य संचालनका लागि सवारी अनुमति आवश्यक परेमा सम्बन्धित आयोजनाको/कार्यालयको सिफारिश साथ यस कार्यालयको ईमेल **sawaripasskaski@gmail.com** मा मात्र आवश्यक कागजात संलग्न गरि पठाई इमेलबाट सवारी अनुमति (पास) प्राप्त गर्न सकिने छ ।

३. सार्वजनिक निर्माण बाहेकका अन्य संस्थागत एवम व्यक्तिगत निर्माणको हकमा औचित्य पुष्टी हुने फोटो साथ सम्बन्धित वडा कार्यालयको सिफारिस यस कार्यालयको ईमेल **sawaripasskaski@gmail.com** मा पठाउनु भएमा औचित्यता हेरी ईमेल मार्फत नै सवारी अनुमति (पास) प्रदान गरिने व्यहोरा अनुरोध छ ।

४. मानिसको वढि भिडभाड तथा आवतजावत हुँदा कोरोना भाईरस (COVID-19) को संक्रमण फैलन सक्ने सम्भावनालाई दृष्टिगत गर्दै यस कार्यालयको गेटबाट सर्वसाधरण लाई प्रवेश निषेध गरिएकोले माथि उल्लेखित प्रयोजनार्थ कार्यालयको गेटमा आई भिडभाड नगरिदिनुहुन अनुरोध गरिन्छ ।

सवारी पास सम्बन्धमा सम्पर्क गर्नुपरेमा यस कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी श्री श्रीनाथ पौडेल, मोबाइल नं ९८५६०२४५०१ मा सम्पर्क गर्न सकिनेछ ।

(श्रीनाथ पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी

### E-Pass भर्ने तरिका

- कुनै एक Web Browser खोल्ने
- www.epass.moha.gov.np टाइप गरेर पेज खोल्ने
- खुलेको पेजमा माग भएबमोजिमको विवरण भर्दै जाने
- फोटो १०२४ KB भन्दा सानो साइजको अपलोड गर्ने र अन्त्यमा I am not Robot Button क्लिक गरेर फाराम बुझाउने
- त्यसपछि स्क्रिनमा तपाईको अनुरोध प्राप्त भयो भन्ने पेज आउनेछ। त्यसपश्चात कार्यालयले व्यहोरा हेरेर स्विकृत गर्ने नगर्ने निर्णय गर्नेछ।

### Pass Verify गर्ने तरिका

**मोबाइलमा V {space} र प्राप्त भएको Pass code टाइप गरेर ११११२ मा म्यासेज पठाएर Verify गर्ने**

## सवारी पास वितरणमा कडाई :

गृह मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार मिति २०७७।०१।०३ गते बुधवार देखि यस कार्यालयबाट जारी हुने सबै सवारी पासहरु डिजिटल प्रविधिबाट वितरण गर्ने कार्य शुरुवात भएको हो। परिवारका सदस्यको मृत्यु संस्कारमा सहभागी हुन जाने, शिकिस्त विरामी र सुत्केरी महिलाहरुको लागि बाहेक अन्य सामान्य अवस्थामा सवारी पासका लागि अनुरोध नगर्नको लागि यस कार्यालयले जिल्लावासीहरु समक्ष सवारी पास सम्बन्धी सूचना जारी गरी थप कडाई गरेको छ।

**" विदेशबाट आउनुभएका जो कोहि व्यक्तिहरु कम्तिमा १४ दिनसम्म अनिवार्य क्वारेन्टाइनमा बसौं। समाजमा कोरोना संक्रमण फैलिनबाट रोकौं "**

## कास्की जिल्ला प्रवेश गर्ने नाकाहरुको व्यवस्थापन


### चेक पोष्टहरुसँगै हेल्थ डेस्क सञ्चालन:

मिति २०७६।१२।१४ गते देखि नै जिल्ला प्रवेश गर्ने मुख्य नाका सिद्धार्थ राजमार्गको छोरेपाटन, पोखरा बाग्लुङ राजमार्गको नयाँपुल र पृथ्वी राजमार्गको गगनगौडामा रहेको सुरक्षा चेक पोष्टसगँ पोखरा महानगरपालिकाले स्वास्थ्य उपकरण सहितको हेल्थ डेस्क राख्ने कार्यको सुरुवात भएको छ।



नयाँपुल नाकाबाट जिल्ला प्रवेश गर्ने यात्रुहरुको थर्मल गनबाट ज्वरो चेकजाँच हुदै

मालवाहक सवारी साधनहरुलाई मालसामान ढुवानी गरी फर्कि जाने क्रममा यात्रुलाई ओसारपसार गर्न नपाउने व्यवस्थाको कडाईका साथ कार्यान्वयन गर्न जिल्लास्थित सुरक्षा निकायहरुले आपसी समन्वयमा चेकजाँचको व्यवस्था लाई तिव्रता दिईएको छ।




छोरेपाटन नाकाबाट जिल्ला प्रवेश गर्ने सवारी साधनहरुको चेकजाँच गर्दै सुरक्षाकर्मीहरु

### बिदेशबाट फर्की आएका व्यक्तिहरु र कन्ट्याक्ट ट्रेसिङ:

जिल्ला स्थित स्थानीय तहहरुसँग समन्वय गरी २०७६ चैत्र महिनामा विदेशबाट फर्की आएका / प्रवेश गरेका कास्की स्थायी ठेगाना भएका वा अन्यत्र स्थायी ठेगाना भई हाल कास्की जिल्लामा अस्थायी रुपमा बसोबास गर्दै आएका व्यक्तिहरु र तिनीहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको विवरण स्थानीय तहहरुसँगको समन्वयबाट दैनिक रुपमा अद्यावधिक गरिएको छ।

## नाका प्रवेश गर्ने सवारी साधन, सवार यात्रु तथा खाद्यान्नको अभिलेख राख्ने कार्य प्रारम्भ भएको

जिल्लामा नागरिकहरुको सुरक्षा व्यवस्था तथा दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कास्की जिल्ला प्रवेश गर्ने विभिन्न नाकाहरुबाट भित्रिएका सवारी साधन,सवार यात्रु, पैदल यात्रुहरु र सवारी साधनबाट ढुवानी भई आउने खाद्यान्न (चामल, दाल, तेल लगायत दैनिक उपभोग्य वस्तुहरु आदि), तरकारी फलफुल तथा मासुजन्य पदार्थ लगायतका अत्यावश्यक वस्तुहरुको परिमाण तथा यात्रुहरुको संख्या, यात्राको शुरुवाती विन्दु र गन्तव्य स्थल सहितको अभिलेख तयार गर्ने कार्यको थालनी भएको छ।




मझुवा नाकाबाट जिल्ला प्रवेश गर्ने सवारी साधनको चेकजाँच गर्दै सुरक्षाकर्मीहरु

यसरी जिल्लामा अत्यावश्यक वस्तुहरुको आपूर्ति सहज गराउने हेतुले सीमानाकाहरुबाट प्रतिदिन भित्रिने खाद्यान्न, औषधि, इन्धन लगायतका अत्यावश्यक वस्तुहरु एवं तरकारी फलफुलहरुको परिमाण समेतको अभिलेख राखी दैनिक रुपमा अद्यावधिक विवरण तयार गरिएको छ।

### सवारी साधन तथा यात्रुहरुको नाकाहरुमै Disinfection :

कोरोना भाइरस संक्रमणको जोखिमलाई न्यूनिकरण गर्ने अभिप्रायले कास्की जिल्लाका विभिन्न नाकाहरुवाट प्रवेश गर्ने मानिसहरुलाई Disinfection Tunnel को माध्यमले Disinfection गर्ने तथा विभिन्न सवारी साधनहरुलाई Disinfection गर्न स्प्रे गर्ने लगायत सवारी साधनका टायर सफा गर्ने ब्यवस्था मिलाईएको छ।

### चालक र सहचालकहरुको नाकाहरुमै RDT Test :

गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयबाट RDT Kits र PPE लगायतका सामाग्रीहरु उपलब्ध भएपछि कास्की जिल्ला प्रवेश गर्ने सवारी साधनहरुका चालक र सहचालकहरुलाई नाकाहरुमा नै RDT Test शुरु गर्न समन्वय भईरहेको छ।

**कास्की जिल्ला भित्रिने तरकारी तथा फलफुल आयातलाई उत्पत्तिको पत्रका आधारमा भित्रिने अनुमति दिने व्यवस्था गरिएको। अण्डा र चल्लाहरुलाई पनि आवश्यकता अनुसार उत्पत्तिको पत्रको आधारमा अनुमति प्रदान गरि आयात गर्ने व्यवस्था गरिएको।**

# बैठक र समन्वय

<u>विभिन्न बैठकहरु (पटक) :</u>

कास्की जिल्लागत CCMC, जिल्ला सुरक्षा समिति, जिल्ला विपद् व्यवस्थापन समिति, कमाण्ड पोष्ट लगायतका बैठकहरुको मिति २०७६।१२।०९ गते देखी सञ्चालित बैठक संख्या देहाय अनुसार रहेको छ।



क. CCMC बैठक संख्या (पटक): **२७ वटा बैठक**
ख. जिल्ला सुरक्षा समिति बैठक संख्या (पटक): **९ वटा बैठक**
ग. जिल्ला विपद् व्यवस्थापन समितिको बैठक संख्या (पटक):**१ वटा बैठक**
घ. जिल्लागत कोभिड कमाण्ड पोष्ट बैठक संख्या (पटक): **१२ वटा बैठक**

## प्रमुख राजनैतिक दलहरुसँगको समन्वय बैठक



कास्की जिल्लाको शान्ति सुव्यवस्था, जिल्ला प्रशासन कार्यालयबाट भएको दैनिक सेवा प्रवाह, कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि भएका कार्यहरु तथा राहत वितरणका विषयमा छलफल तथा समिक्षा गर्न मिति २०७७।०१।१७ गते प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा जिल्लाका प्रमुख राजनैतिक दलहरुका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न समन्वय बैठक सम्पन्न भयो। सो बैठकबाट प्राप्त निर्णयहरु र सुझावहरु कार्यान्वयन गर्न स्थानीय तह लगायत अन्य सरोकारवाला निकायहरुलाई समेत अनुरोध भएको छ।



## गृह मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार मिति २०७६।१२।१४ मा गठित कास्की जिल्लागत कोभिड-१९ कमाण्ड पोष्टका पदाधिकारीहरु

| | नाम पद | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|
| **संयोजक** | श्री ज्ञान प्रसाद ढकाल, प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६००७७७७ |
| **सदस्य** | श्री मदन जंग कार्की, प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण | ९८४५०४४५०३ |
| **सदस्य** | श्री दान बहादुर कार्की, प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | ९८५६००५५५५ |
| **सदस्य** | श्री प्रेम ध्वज शाह, सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | ९८५१२७२०४७ |
| **सदस्य** | श्री भूमी पाठक, उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | ९८५६०६५१०१ |
| **सदस्य** | श्री नवराज बराल, जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | ९८५६००६२२२ |
| **सदस्य** | डा. अर्जुन आचार्य, निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | |
| **सदस्य** | श्री नानीबाबु दानी, अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | |
| **सदस्य** | श्री बाबुराम आचार्य,प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | ९८५६०३३४२४ |
| **सदस्य** | श्री भरतराज पौडेल, अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की | ९८५६०५८२८८ |
| **सदस्य** | अधिकृत प्रतिनिधि | एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूट इन नेपाल, कास्की | |
| **सदस्य** | श्री डोलराज पाण्डे,सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की | ९८५६०२५१२५ |
| | | **आमन्त्रित :** | |
| | श्री श्रीनाथ पौडेल, स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६०२४५०१ |
| | श्री गुरुदत्त ढकाल, स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६०३७५०१ |
| | श्री लक्ष्मण बसौला, क्ष.कु.नि. | स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश | |
| | श्री लिला वल्लभ न्यौपाने, प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८२७४७३६४१ |
| | श्री लक्ष्मण बराल, प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की | ९८५६०३४३७५ |

## • शव व्यवस्थापन

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य समुहबाट मिति २०७६।१२।२६ मा प्राप्त **कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि-२०७६** कार्यान्वयनमा छ। यस सम्बन्धमा नेपाली सेनाको सेकेन्ड रेन्जर वटालियन कास्की र नेपाल रेडक्रस सोसाईटी कास्की शाखाले तयार गरि नेपाल रेडक्रस सोसाईटी कास्की शाखा मार्फत पेश हुन आएको जिल्लामा Mega Disaster तथा कोरोना भाइरस (COVID-19 ) बाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनका लागि सञ्चालन हुने Dead Body Management तालिमको पाठ्यक्रम तथा सो तालिम सञ्चालनको व्यवस्था मिलाईएको छ।

## Patient Transfer Team (PTT)

कास्की जिल्लामा Patient Transfer Team (PTT) को परिचालन तथा समन्वय गर्न स्वीकृत भएको
**कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापनमा आवश्यक जनशक्ति परिचालन तथा एम्बुलेन्स सेवा सञ्चालन एवं व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६**

१. एम्बुलेन्स २४ सै घण्टा सेवा दिन सक्ने अवस्थामा राख्ने र बिग्रिएको भए तुरुन्त मर्मत गरी संचालनमा ल्याउने।
२. एम्बुलेन्सहरुलाई सुरक्षात्मक दृष्टिकोणले बिरामी र चालक बीचको दुरी कायम राख्न पार्टेशन गर्न आवश्यक देखिएकाले बिरामी राख्ने र चालक बस्ने ठाउँको बिचमा सुरक्षित पार्टेशनको व्यवस्था गर्ने। पार्टेशन गर्ने सम्बन्धी नक्सा र आवश्यक सामग्रीहरुको सुची समेत यसैपत्रसाथ संलग्न गरी पठाइएको छ।
३. कोरोना भाइरस संक्रमित बिरामी बाहेकका सामान्य बिरामीहरु ओसारपसार गर्न एम्बुलेन्सका चालक तथा स्वास्थ्यकर्मीका लागि बजारमा उपलब्ध सुरक्षा कवच को व्यवस्था एम्बुलेसन्स संचालक संस्थाले (पिपिई) गरिदिने।
४. शंकास्पद कोरोना संक्रमित व्यक्तिहरुको कहीँकतैबाट सूचना प्राप्त हुन आएमा गण्डकी प्रदेश स्थित स्वास्थ्य निर्देशनालयको 'हेलो डाक्टर हटलाइन सेवाको सम्पर्क नं : १०९२' मा सम्पर्क गर्ने, गर्न लगाउने।
५. एम्बुलेन्सहरुले मौसमी रुघाखोकी, ज्वरो लगायतका अन्य समस्या भएका बिरामीको बिना आनाकानी ओसापसार गरी सेवा प्रदान गर्नुपर्ने।
६. एम्बुलेन्सहरुले यात्रु ओसारपसार गर्न नपाइने।
७. कास्की जिल्लामा कोभिड १९ को सम्भावित र संक्रमित व्यक्ति तोकिएको अस्पतालसम्म पुर्याउन हरेक एम्बुलेन्स चालक सहित स्वास्थ्यकर्मी (पारामेडिक्स वा नर्सिङ) Patient Transfer Team तयारी अवस्थामा रहनुपर्ने हुँदा ती एम्बुलेन्समा खटिने एम्बुलेन्स चालक र स्वास्थ्यकर्मी भएका संस्थाले स्वास्थ्यकर्मीको नाम र सम्पर्क नम्बर समेत अद्यावधिक गरी यथाशिघ्र यस कार्यालयमा जानकारी गराउनुहुन।
८. एम्बुलेन्स परिचालन सम्बन्धमा माथि उल्लेखित निर्देशन अवज्ञा गर्ने, सेवा दिन आनाकानी एवं इन्कार गर्ने संस्था एवं व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० को दफा ३ बमोजिमको कानूनी कारबाही गरिने छ।

गृह मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम कास्की जिल्लामा परिचालित प्रत्येक एम्बुलेन्समा देहाय अनुसारको PTT गठन भएको छ।

- एम्बुलेन्सको ड्राईभर – १ जना
- एकजना स्वास्थ्यकर्मी
  (Fever Clinic मा संलग्न स्वास्थ्यकर्मीलाई खटाउने गरी) -१ जना
- सुरक्षाकर्मी (आवश्यकता अनुसार)

PTT सम्बन्धी व्यवस्था र शंकास्पद विरामीहरुलाई अस्पताल ल्याउन Covid-19 Friendly Ambulance लाई तयारी अवस्थामा राख्ने व्यवस्था मिलाईएको छ। यसरी PTT मार्फत विरामीलाई अस्पताल पुर्‍याउँदा आवश्यकता अनुसार नजिकको सुरक्षा ईकाइबाट स्कटिङ्गको व्यवस्था जिल्लास्थित सुरक्षा निकायहरुको समन्वयमा भएको छ।

# सरकारी कार्यालय तथा बजार क्षेत्रको सुरक्षा, सरसफाई तथा डिस्इन्फेक्सन







नेपाली सेना भगवती दल गण फुलबारीमा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अवलम्बन गरिएका गतिविधिहरु

## जिल्ला प्रहरी कार्यालयको Sanitization Tunnel





जिल्ला प्रहरी कार्यालय र मातहतका ईकाइहरुमा कार्यरत कर्मचारी तथा सेवाग्राहीहरुको सुरक्षार्थ एवं सरसफाईका लागि स्यानिटाइजेशन बुथ तयार गरी सञ्चालनमा ल्याईएको छ।




## कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी FAQs:

जिल्ला प्रहरी कार्यालयले नागरिक सुरक्षा एवं सचेतनाको लागि कोभिड-१९ लकडाउन र लकडाउन उल्लंघन गरी संक्रमण फैलाउनेलाई हुने कानूनी कारबाहीका सम्बन्धमा बारम्बार सोधिने प्रश्नहरुको संगालो (FAQs) तयार गरी जिल्ला प्रहरी कार्यालय कास्की मातहतका सबै इकाइहरु तथा मोबाइल टोलीद्वारा वितरण गरिएको छ।

## Sanitization Tunnel

कास्की जिल्लास्थित बढि भिडभाड हुने स्थान तथा कार्यालयहरु जस्तै म.न.पा. को कार्यालय, जिल्ला प्रहरी कार्यालय, तरकारी तथा फलफुल थोक व्यापार स्थल, पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा कास्की जिल्ला प्रवेश गर्ने नाकाहरुमा सेनिटाइजेशन टनेल जडान भएको छ।

## "जिल्ला प्रहरी कार्यालय, कास्कीले तयार गरेको कोरोना भाईरस (COVID-19) सम्बन्धी बारम्बार सोधिने प्रश्नहरुको संगालो"

१. **कोरोना भाईरस के हो ?**

- यो भाईरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भाईरस हो । यो भाईरस अन्य कोषसंगको सम्पर्कमा आएपछि धेरै कोषमा परिणत हुन्छ । यो भाईरसले लाग्ने रोगलाई COVID-19 भनिन्छ । Corona Virus Disease 2019 को December बाट सुरु भएकोले यसको नाम COVID-19 राखिएको हो ।

२. **कोरोना भाईरसका लक्षणहरु :-**

मुख्य लक्षणहरु :-

- १००° F भन्दा बढी ज्वरो आउनु
- थकान महशुस हुनु
- सुख्खा खोकी लाग्नु तथा कफ सहितको खोकी लाग्नु
- श्वास फेर्न गाह्रो हुनु

अन्य लक्षणहरु :-

- घाँटी दुख्नु
- शरिर तथा छाति दुख्नु
- झाडापखाला (Diarrhea) हुनु
- रुघा लाग्नु (नाकबाट पानी बग्नु)

३. **कस्ता व्यक्तिहरु कोरोना भाईरसको संक्रमणको जोखिममा रहेका हुन्छन् ?**

- जेष्ठ नागरिक
- उच्च रक्तचाप भएका व्यक्तिहरु
- श्वासप्रश्वास सम्बन्धी रोग भएका तथा मुटुको समस्या भएका व्यक्तिहरु
- सुगर/ मधुमेह र कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका व्यक्तिहरु

४. **कोरोना भाईरस कसरी सर्छ ?**

- सामान्यतया यो भाईरस संक्रमण भएका व्यक्तिसंग सम्पर्कमा आएका अन्य व्यक्तिमा सर्दछ ।
- कोरोना भाईरस (COVID-19) संक्रमित व्यक्तिले खोक्दा/ हाच्छ्यू गर्दा निजको मुखबाट निष्कने थुकका छिटाहरुबाट अन्य व्यक्तिमा सर्न सक्छ ।
- कोरोना संक्रमित व्यक्तिको भौतिक सम्पर्कबाट (जस्तै: हात मिलाउँदा, अंकमाल गर्दा) भाईरस सर्दछ ।
- कोरोना भाईरस संक्रमित व्यक्तिहरुले प्रयोग गरेका सामान/ चिज वस्तुहरु अन्य व्यक्तिहरुले प्रयोग गर्दा ।
- कोरोना भाईरस हावामा समेत बच्ने हुँदा संक्रमण भएको व्यक्तिसंग सम्पर्कमा नआउँदा पनि हावाको माध्यमबाट सर्न सक्छ ।

५. **कोरोना भाईरसको संक्रमणबाट बच्ने उपायहरु के- के हुन ?**

- COVID-19 कोरोना भाईरसको उपचारको लागि हालसम्म कुनै पनि Vaccine तथा औषधी पत्ता लागेको छैन त्यसैले यसबाट बच्नको लागि कोरोना भाईरस संक्रमित व्यक्तिहरुको सम्पर्कबाट बच्नु नै उचित उपाय हो ।
- नियमित रुपमा कम्तिमा पनि २० सेकेन्डसम्म साबुन पानीले सही तरिकाले हात धुने तथा Sanitizer प्रयोग गर्ने ।
- कुनै पनि व्यक्ति वा वस्तुसंग सम्पर्कमा आईसकेपछि हात धुनु अघि हातले मुख, नाक तथा आँखामा नछुने ।
- सामाजिक दुरी कयम गर्ने (कुनै पनि व्यक्तिसंग सम्पर्कमा आउदा वा कुराकानी गर्दा कम्तिमा १ मिटरको दुरी कायम गर्ने ) ।
- खोक्दा वा हाछ्युँ गर्दा पाखुरा वा भित्री कुहिनोले छोप्ने ।
- आफुले दैनिक रुपमा प्रयोग गर्ने उपकरणहरु (जस्तै: मोबाईल फोन, ल्याप्टप, आदिको) नियमित रुपमा सरसफाई तथा निर्मलीकरण गर्ने ।
- मास्क, पन्जा, Sanitizer को नियमित तथा सही प्रयोग गर्ने ।
- धेरै मानिसहरुको सम्पर्कमा आउने सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीले PPE को सही प्रयोग तथा Dispose गर्ने ।
- कोरोना भाईरससंग मिल्दोजुल्दा कुनै पनि लक्षण देखिएमा तुरुन्त १०९२ मा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह लिने ।
- समान खरिद गर्दा नगद पैसाको कारोवारलाई कम गरी Online Banking Application मार्फत गर्ने ।
- कागजपत्र लिदा वा दिँदा हातमा सेनिटाईजरको प्रयोग गर्ने ।
- नियमित तातोपानी पिइराख्ने ।
- व्यक्तिगत सरसफाई, कार्यालयको सरसफाई तथा खानपानमा विशेष ध्यान दिने ।

६. **कोरोना भाईरस (COVID-19) को परीक्षण दुई बिधिबाट गर्न सकिन्छ ।**

१. **Rapid Diagnostic Test (RDT) गर्ने ।**
यो परीक्षण मानिसको रगतबाट गरिन्छ । RDT Kit को प्रयोग गरिने यो बिधिबाट परीक्षणको नतिजा १५/२० मिनेटमै आउछ ।

२. **Polymerase Chain Reaction (PCR) गर्ने ।**
यो बिधिबाट COVID-19 कोरोना भाईरसको परिक्षण गर्दा नाक तथा घाँटीबाट स्वाब लिईन्छ । परीक्षणको नतिजा आउन २४ देखि ४८ घण्टा सम्मको समय लाग्छ । यो परीक्षण पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा गरिन्छ ।

७. **कोरोना भाईरसको संक्रमणबाट बच्न राज्यले चालेका कदमहरु के के हुन् ?**

- संक्रमण नफैलियोस भनेर मिति २०७६।१२।११ गते देखि देशभर Lockdown गरिएको छ ।
- अन्यत्र जस्तै कास्की जिल्लामा प्रवेश गर्ने जोखिममा रहेका मानिसहरुलाई स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसारको क्वारेन्टाईनमा राख्ने गरिएको ।
- बिहान र साँझमा हुने मानिसहरुको आवतजावतलाई कम गर्न बिहान ६ बजे देखी साँझ ६ बजेसम्म मात्र खाद्यान्न, दुध तथा तरकारी पसलहरु खोल्न अनुमति दिईएको ।
- संक्रमणको जोखिममा रहेका व्यक्तिहरुलाई क्वारेन्टाईनमा राख्ने व्यवस्था तथा प्रत्येक वडामा RDT विधिबाट कोरोना भाईरसको परीक्षण गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालयबाट जारी भएको पास लिएका सवारी तथा अत्यावश्यक सेवाका सवारी साधनहरुलाई मात्र आवतजावत गर्न दिईएको ।

८. **Lockdown भनेको के हो?**

- संक्रमण फैलिन नदिनको लागि अत्यावश्यक सेवा प्रवाहमा बाहेक मानिसहरुलाई आ-आफ्नै स्थानमा बसी बाहिरी/ अन्य व्यक्तिहरुको सम्पर्कमा आउन नदिनु नै Lockdown हो ।
- यो अवस्था मानिसहरुलाई आफू बसिरहेको स्थानबाट बाहिर जान तथा अन्य व्यक्तिहरुलाई सो स्थानमा प्रवेश गर्न निषेध गरिन्छ ।

९. **Lockdown किन?**

- कोरोना भाईरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भाईरस भएको हुँदा Lockdown नगर्दा हिडडुल गर्ने मानिसहरुको हात, खुट्टा तथा शरिरको माध्यमले जिवाणु (Virus) सर्न सक्छ, त्यसैले घरमै बसी संक्रमणलाई रोकन सकिने कुरालाई मध्यनजर गरी Lockdown आवश्यक छ ।

१०. **Lockdown को उल्लङ्घन गरेमा वा कोरोनाको संक्रमण हुने सम्मको कार्य गरेमा के सजाय हुन्छ?**

- संक्रामक रोग ऐन, २०२० बमोजिमको आदेशको अपहेलना गर्नेलाई ऐ. ऐनको दफा ३ को उपदफा(१) बमोजिम १ महिनासम्म कैद वा रु.१००।– सम्म जरिवाना वा दुवै सजाय र काममा बाधा पुर्‍याउनेलाई ऐ. ऐनको दफा ३ को उपदफा(२) बमोजिम ६ महिनासम्म कैद वा रु.६००।– सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**थप जानकारीको लागि नजिकको प्रहरी कार्यालय, सि.आर.भि.एवं मोबाईल भ्यानहरुमा सम्पर्क गर्न सक्नुहुनेछ ।**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय कास्की | १००, ०६१-५२००३३, ५२२०९९ |
| जि.ट्रा.प्र.का.कास्की | १०३, ०६१-५२०४१२ |
| व.प्र.का.बैदाम | ०६१-४६५०८७ |
| व.प्र.का.बगर | ०६१-५२११११ |
| ई.प्र.का.शिसुवा | ०६१-५६००९९ |
| व.प्र.का. रामबजार, | ०६१-४३०९३३ |
| पर्यटक प्रहरी बैदाम, | ०६१-४६२७६१ |

**"Lockdown को अवस्थामा घरमै बसौं, सुरक्षित रहौं"**

## अन्नपूर्ण क्षेत्रमा हिमपातमा परी बेपत्ता भएका कोरियन र नेपाली नागरिकहरुको खोज तथा उद्दार कार्य सम्पन्न:



मिति २०७६।१०।०३ देखि कास्की जिल्ला अन्नपूर्ण गाँउपालिका वडा नं ११ देउराली स्थित आधार शिविरमा गएको हिउपहिरोमा परी वेपत्ता भएका सात जना कोरियन र नेपाली नागरिकहरुको खोज तथा उद्दार कार्य मिति २०७७।०१।१९ गते सम्पन्न भएको छ । जसमध्ये



भरतपुर महानगरपालिका-१४ चितवनका सरोज परियारको शव मिति २०७६।११।१६ मा फेला परी आफन्तको जिम्मा लगाइएको थियो । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६।१२।११ गते देखि नेपाल सरकारले देशव्यापी लकडाउन को आदेश जारी गर्यो । यसरी लकडाउनको आदेश जारी रहेको समयमा वेपत्ता भएका ७ जना मध्ये ६ जनाको शव स्थानीय प्रशासन तथा सुरक्षा निकायहरुको समन्वयमा विभिन्न मितिमा गरी मिति २०७७।०१।१९ गते खोजि गरी नेपाली नागरिकको हकमा निजको आफन्त तथा दक्षिण कोरियन नागरिकको हकमा पोष्टमार्टमको लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज पुर्याउने व्यवस्था मिलाइ खोज तथा उद्दार कार्य सम्पन्न भएको छ ।





### उद्दारको क्रममा शव भेटिएका नेपाली र कोरियन नागरिकहरुको विस्तृत विवरण

| | | |
|---|---|---|
| मिति २०७६।११।१६ गते | सरोज परियार | भरतपुर महानगरपालिका-१४, चितवन |
| मिति २०७७।०१।१२ गते | मेम्म बहादुर तामाङ (भरिया) | गंगा जमुना गा.पा-१, धादिङ |
| मिति २०७७।०१।१४ गते | MIN SU-LEE | दक्षिण कोरिया |
| मिति २०७७।०१।१४ गते | HYOWON-CHOI | दक्षिण कोरिया |
| मिति २०७७।०१।१६ गते | TIL-BONG-JEONG | दक्षिण कोरिया |
| मिति २०७७।०१।१९ गते | KIM SOOKJA | दक्षिण कोरिया |
| मिति २०७७।०१।१९ गते | छिरिङ बाङदक भोटे | संखुवासभा |

## कास्की जिल्लामा सञ्चालित पार्टेशन भएका कोभिडमैत्री एम्बुलेन्सहरुको विवरण

| क्र.सं | एम्बुलेन्स सेवा प्रदायक संस्थाको नाम | ठेगाना | संस्थाको नम्बर | चालकको नाम | चालकको नम्बर |
|---|---|---|---|---|---|
| १. | हरियोखर्क हस्पिटल आई.एन.एफ पोखरा | पोखरा -१५ नयाँ गाँउ | ९८६२३८३१२४ | रोशन गुरुङ्ग | ९८६२३८३१२४ |
| २. | फेवासिटी हस्पिटल | पोखरा ८ नागढुंगा | ०६१–५३२६८५ | - | - |
| ३. | ओम हस्पिटल | पोखरा ९ बस्तोलाथर | ०६१–५३४५६६ | मिनकुमार खड्का | ९८४६०२६९६६ |
| ४. | फिस्टेल हस्पिटल | पोखरा ४ गैहापाटन | ०६१–५२७५५३<br>०६१–५२८९९९ | कुल गुरुङ्ग<br>ध्रुव भुजेल<br>कुल वहादुर गुरुङ्ग | ९८०४११३२५६<br>९८०४१००००० <br>९८६६०६३३८३<br>९८४२२७८४६५ |
| ५. | मातृशिशु मितेरी हस्पताल | पोखरा १६, बाटुलेचौर. | ०६१–४४०१४४ | झपट बहादुर सिके<br>शिव बहादुर कार्की | ९८४६४६४५७९<br>९८२४१४१६१३ |
| ६. | कास्की मोडेल हस्पिटल | पोखरा–८, न्युरोड | ०६१–५२७५४२ | रामचन्द्र पहारी | ९८५६०३८८०४ |
| ७. | सिवेक हस्पिटल | पोखरा–६ लेकसाइड | ०६१–४६०३०८२ | लोकसन छेतान | ९८०६७६२१९० |
| ८. | मेट्रोसिटी हस्पिटल | पोखरा–८, सृजनाचोक | ०६१–५२६५३१ | रामबहादुर नेपाली | ९८१८५८९२५९ |
| ९. | बिजि हस्पिटल पार्टेशन भएको | पोखरा–१२, माटेपानी | ०६१–५२११११ | खेम गुरुङ्ग | ९८५६०७७७२६ |
| १०. | पद्य नर्सिङ होम | न्युरोड | ०६१–३३४८५ | होमनाथ पौडेल | ९८५६०१५९४४ |
| ११. | शिशुवा अस्पताल | पोखरा–३०, शिशुवा | ०६१–५६०००४ | प्रेमनाथ मरसिनी | ९८४६५ ११६४८ |
| १२. | नमस्ते हस्पिटल | विरौटा | ०६१–४६६४३८ | गणेश गुरुङ्ग | ९८०६१७६००७ |
| १३. | ए.एण.बि इन्टरनेस्नल | पोखरा–२ | ०६१–१४२२३० | लेस बहादुर गुरुङ्ग | ९८६७८०२७०८ |
| १४. | मणिपाल हस्पिटल | पोखरा–११, फुलबारी | ०६१–५२६४१६ | | |
| १५. | साहारा हस्पिटल | पोखरा–२, नयाँ बसपार्क | ०६१–५३९८५८ | सुर्य आले | ९८६६४०८१४७ |
| १६. | कास्की सेवा हस्पिटल | पोखरा–११, हस्पिटलचोक | ०६१–५२८१६१ / ६२ | बिमल थापा | ९८०५८४४४१८ |
| १७. | सामुदायिक लायन्स हस्पिटल | पोखरा–३०, मोहरिया | | | |
| १८. | लेकसीटी हस्पिटल | पोखरा–४, बगालेटोल | | | |
| १९. | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा | पोखरा ८ सिर्जनाचोक | ०६१–५२१०९१ | रामसरन लामा रामचन्द्र अधिकारी | ९८४६०४२७७८<br>९८२६१३४७८५ |
| २०. | १०,नेरेसो उपशाखा | पोखरा १० रामबजार १ | सम्मर श्रेष्ठ ९८५६०३६१२ | नलु गुरुङ्ग | ९८०४१९८३५० |
| २१. | नेरेसो रुपा–४, देउराली उपाशाखा | रुपा–४, देउराली | ९८०५८७९९११ | राजु जोशी | ९८०६५२५५०७ |
| २२. | विन्ध्यवासिनी मन्दिर एम्बुलेन्स | पोखरा २, विन्ध्यवासिनी | तिर्थ श्रेष्ठ ९८५६०२७५८२ ०६१–५३२८५५ | हिरा बहादुर गुरुङ्ग<br>कुलबहादुर गुरुङ्ग | ९८६०८८२०४१<br>९८६०८८२०४१ |
| २३. | मियाँपाटन समाज | पोखरा १३, मियाँपाटन | आशिक हिलाही ९८५६०२३७८६ | अम्जित मियाँ | ९८६९०१७८६ |
| २४. | सेवा र विकासका लागि युवा | पोखरा–५, पस्याङ मालेपाटन. | ०६१–४१९५८७ | बलराम बि.क | ९८४५५१३४७७ |
| २५. | मानव मिलन केन्द्र | पोखरा–७, एयरपोर्ट | गुप्त प्रसाद शर्मा ९८५६०३०११३ ०६१–४६२९५५ | चित्र बहादुर थापा | ९८४६९२२७०६ |


| | | | | | |
|---|---|---|---|---|---|
| २६. | सिद्दार्थ क्लब | पोखरा ८ बगालेटोल | ०६१–५३०२०० | डिल्लीराम पौडेल इश्वर श्रेष्ठ कुशल कुँवर | ९८४६५१४४४२ ९८४६७७७४१८ ९८५६००७२७२ |
| २७. | रुपा पोखरा सम्पर्क समाज | अमरसिंहचोक | खिम बहादुर गुरुङ ९८५६०३९९२५ | बुद्धि पन्त | ९८२३०९६४७६ |
| २८. | लायन्स क्लब | पोखरा–६ | सुरेश दाहाल ९८५६०२८७९७ | प्रकाश शिलवाल गोपी रम्तेल | ९८५६०८१५१९ ९८१०३३८८० |
| | **पार्टेशन नभएका अन्य एम्बुलेन्सहरु** | | | | |
| १. | साईअर्चना हस्पिटल | पोखरा ११ रानीपौवा | ०६१–५४१५८७ | धुर्व बराल | |
| २. | अन्नपुर्ण बाल हस्पिटल | पोखरा–१०, शिवचोक | सन्तोष पाण्डे ९८५६०१९१८५ | लोकबहादुर बुढा मगर | ९८०६७१०७८९ |
| ३. | पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर | इन्द्रचोक, पोखरा | ०६१–५२८२४३ | रामजी प्रसाद तिमिल्सिना | ९८२४१५९५५२ |
| ४. | गण्डकी मेडीकल कलेज | पोखरा ९, नयाँबजार | ०६१–५३८५९५ | | |
| ५. | बेगनास स्वास्थ्य चौकी | बेगनास | पूर्णाखर पाण्डे ९८५६०१३४६७ | देवराज सापकोटा | ९८०६५२९४६४ |
| ६. | आशा हेल्थ क्लिनिक | पोखरा १५, नयाँगाँऊ | ९८१५१६३५४८ | | |
| ७. | नेपाल एम्बुलेस सर्भिस | कालिका पेट्रोल पम्प | १०२ डिल्लिबजार | सि.इ.ओ.,अमित जोसी | ९८४१२३४२०५ |
| ८. | वडा नंम्बर २४ | पोखरा २४,पामे | ९८५६००३०२४ | हविद मियाँ | |
| ९. | नव आदर्श युवा समाज, लामाचौर | पोखरा १९, लामाचौर | ०६१–४४११०० ९८०४१९८३५० | इन्द्र बहादुर गुरुङ्ग बुद्ध पुन | ९८५६०५२२४८ ९८५६०५२१४० |
| १०. | ङ्योय तमु समाज, भण्डारढिक, पोखरा | सहारा हस्पिटल नजिक | मन बहादुर गुरुङ ९८४६०६४२९२ | धन बहादुर गुरुङ्ग | ९८१५१५२३०७ |
| ११. | भंवरकोट तमु समाज | अमरसिंहचोक, मिलन टोल | गिरमान गुरुङ ९८१९१३५९०४ | सन्तोष श्रेष्ठ | ९८४६६२१०३२ |
| १२. | सिक्लेस तमु समाज | पोखरा–११, चापापानी | ९८५६०५४७०२ | शिव बहादुर कुमाल | ९८४६१००३०७ |
| १३. | इन्द्रनाथ स्मृति | पोखरा–६ | ९८४४९३२०२४ | आयुश | ९८१०२२२९५८ |
| १४. | सत्यम शिवम् सुन्दरम | पोखरा १३, आर्वा | ९८४६१५५८८९ | धनबहादुर वि.क | ९८१५१२३७९७ |
| १५. | आमा मिलन केन्द्र | पोखरा–८, नागढुंगा | | मोहन गुरुङ्ग | ९८०३०६७०८२ |
| १६. | भु.पु. पुलिस र आर्मी | माछापुच्छे | | तिलक परियार | ९८०४१८०७७२ |





पोखरा महानगरपालिकाबाट सुत्केरी महिलाहरुलाई सुत्केरी प्याकेज उपलब्ध गराउदै जनप्रतिनिधी एवं कर्मचारीहरु

**STAY AT HOME, STAY SAFE FROM COVID-19**



जनहितमा जारी जनचेतनामूलक सन्देश

आफू सुरक्षित रहौं,
अरूलाई पनि सुरक्षित राखौं ।

के गर्ने ?

१ पटक-पटक हात धुनुहोस् । तपाईंको हात फोहोर नदेखिए पनि अल्कोहलमा आधारित ह्यान्डवाश वा साबुन पानीले सफा गर्नुहोस् ।

२ कोरोना भाइरस खोक्दा र हाच्छ्युँ गर्दा निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने हुँदा खोक्दा र हाच्छ्युँ गर्दा आफ्नो नाक, मुख टिस्यु पेपर वा रूमालले ढाक्नुहोस् ।

३ टिस्यु पेपर प्रयोग गर्नासाथ तुरुन्त बन्द भाँडोमा फ्याँक्नुहोस् ।

४ यदि तपाईंलाई ज्वरो, खोकी वा श्वासप्रश्वासमा कठिनाई छ भने तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । चिकित्सकसँग भेट्दा आफ्नो नाक र मुख ढाक्ने गरी मास्क वा कपडाको प्रयोग गर्नुहोस् ।

५ भिडभाड हुने स्थानमा नजानुहोस् ।

के नगर्ने ?

१ यदि तपाईंलाई खोकी, ज्वरोको अनुभव भएमा अरू कसैको नजिक नजानुहोस् ।

२ आफ्नो नाक, मुख र आँखा नछुनुहोस् ।

३ सार्वजनिक स्थानमा नथुक्नुहोस् ।

तपाईं हामी सबै मिलेर कोरोना भाइरसविरुद्ध लड्न सक्छौं ।



पोखरा महानगरपालिकाबाट सुत्केरी महिलाहरुलाई सुत्केरी प्याकेज वितरण गर्दै जनप्रतिनिधिहरु




प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, कास्की
Covid-19 Crisis Management Centre (CCMC)
Kaski

Email:- daokaski@gmail.com, sawaripasskaski@gmail.com
Facebook page: District Administration Office Kaski
Phone no.:- 061-463076, 061-461764, 061-465075
Fax no: 061-461962
Contact Persons: Lila Ballave Nyaupane, Administrative Officer (9827473641)
Nabin Regmi (9814112662)